केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# नेपाल राष्ट्र बैंक
# वित्त कम्पनी सुपरिवेक्षण विभाग

## क्यापिटल मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि. बत्तिसपुतली, काठमाडौलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

क्यापिटल मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लि., बत्तिसपुतली, काठमाडौ लाई मिति २०६८।४।२४ देखि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्वन्धी विनियमावली, २०६४ को विनियम ३ को (घ) बमोजिम कारवाही भएकोमा २०६८ आषाढ मसान्तको वित्तीय विवरणको आधारमा गरेको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) बाट निष्कृय कर्जा ७३.३१ प्रतिशत, नेटवर्थ रु. १ अर्ब ५३ करोडले ऋणात्मक, पुँजीकोष अनुपात करिव ४२.२० प्रतिशतले ऋणात्मक तथा कुल संचित नोक्सानी रु.२ अर्ब ४६ करोड देखिएको र उपरोक्त वित्तीय परिसूचकहरु क्रमश: कमजोर हुँदै गई २०६९ आश्विन मसान्तमा पुँजीकोष ४३.६२ प्रतिशतले ऋणात्मक, निष्कृय कर्जा ९८.२१ प्रतिशत तथा नेटवर्थ रु. १४१.०३ करोडले ऋणात्मक भएको, विगतमा ठूलो परिमाणको कर्जा अपचलन भएको र कर्जाको गुणस्तर अत्यन्त कमजोर भएको कारण संस्थामा खासै सुधार हुन सक्ने संभावना नदेखिएको स्थितिमा संस्थालाई प्रचलित ऐन, कानून र नियमनकारी व्यवस्था बमोजिम कारवाही नगरेमा संस्थाको वित्तीय स्वास्थ्य अझ बढी जीर्ण हुने, निक्षेपकर्ता र लगानीकर्ताको हितमा थप प्रतिकूल असर पर्ने तथा उक्त संस्थाको Insolvency का कारणले वित्तीय क्षेत्रमै प्रणालीगत जोखिम (Systemic Risk) बढ्दै जाने परिस्थिति सृजना भएको लगायतका कारणहरुले गर्दा त्यस संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ)को (अ) अनुसार कारवाही गर्न तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार ६ महिना भित्र सुधार गर्न देहाय बमोजिमका निर्देशनहरु दिइएको छ ।

**निर्देशनहरु**

१. यस बैंकको निर्देशन बमोजिम पुँजीकोष कायम गर्न ।
२. थप निक्षेप संकलन एवं नबीकरण नगर्न ।
३. थप कर्जा तथा जमानत प्रदान नगर्न ।
४. भाखा (म्याद) पुगेका एवं फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न । तर, दुई लाखभन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकबाट पूर्व स्वीकृति लिन ।
५. नयाँ शाखा नखोल्न ।
६. यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरीद वा बिक्री नगर्न ।
७. संचालकको भत्ता, सुविधा एवं कर्मचारीको तलब भत्ता र अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
८. यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना नगर्न तथा कार्यरत कर्मचारीहरूको बढुवा नगर्न ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# नेपाल राष्ट्र बैंक
# वित्त कम्पनी सुपरिवेक्षण विभाग

९. निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा तल ल्याउन ।

१०. लाभांश घोषणा वा वितरण नगर्न ।

११. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।

१२. संस्थाको हरहिसाब तथा श्रेस्ता ठीक दुरुस्त राखी यस बैंकलाई सही तथ्यांक, सूचना र जानकारी उपलब्ध गराउन ।